**प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशालय**

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**बागमती प्रदेश, लगनखेल, ललितपुर**

## पशुपन्छी तथा मत्स्य विकासका लागि बिउपुँजी कोष परिचालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशितः मिति २०७९/०७/१६ गते)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी तथा मत्स्य विकासका लागि बिउपुँजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगनखेल ललितपुरमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुलाई यस कार्यक्रममा समावेश गर्न नसकिने व्यहोरा समेत सूचित गराईन्छ।

तपसिल

१. रु. १०/- को टिकट टाँस गरेको आवेदन।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक, कषक समूह, कृषि सहकारी, निजी कृषि फर्म) को हकमा संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र।
३. संस्था (कृषक, कषक समूह, कृषि सहकारी, निजी कृषि फर्म) को हकमा स्थायी लेखा नम्बर (एब्ल), करचुक्ता र दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।
४. संस्थाको हकमा लेखा परीक्षणको प्रमाणित प्रतिलिपी।
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि, (समूह/सहकारीको हकमा)।
६. अनुसूची - ३ अनुसारको आवेदन।
७. व्यवसायिक योजना, (निर्माण कार्य गर्नु पर्ने कार्यको हकमा दर्तावाल प्राविधिकबाट स्वीकृत भएको लागत इष्टिमेट सहितको विवरण पेश गर्नु पर्ने छ।)
८. स्थानीयतहको वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।
९. व्यवसाय सञ्चालनको लागि आवश्यक जग्गा धनि प्रमाण पुर्जा वा कम्तिमा ७ वर्ष जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपी।

**पुनश्च : बिउपुँजी परिचालन कार्यविधि, २०७९ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको वेवसाइट vhleclalitpur.p3.gov.np बाट डाउनलोड गर्न सकिनेछ।**